सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
# शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक
वर्ष : ५ ✵ अंक : ८५ ✵ २०७९ साल, पुस ११ गते सोमबार, ✵ Monday 26 Dec, 2022 मूल्य रु. ५/- ✵ पृष्ठ : ४

## बारामा हत्या भएका भारतीय नागरिक आपराधिक गिरोहका नाइके : प्रहरी
# आफन्तको हत्या गरेर नेपालमा लुकेर बस्दै आएका थिए शिवपुजन

बारा, १० पुस ।

बारामा गोली प्रहारबाट हत्या भएका भारतीय नागरिक शिवपुजन प्रसाद यादव आपराधिक गिरोहका नाइके भएको प्रहरीले जनाएको छ । अनुसन्धानको क्रममा यादव 'नक्सलाइट' समूहको नेता भएको र भारतमा विभिन्न व्यक्तिको हत्या तथा अपराधिक घटनामा संग्लन रहेको खुलेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। यादवको शुक्रबार साँझ बाराको महागढीमाई नगरपालिका वडा नं २ बरियापुरस्थित भुतही पुल नजिकै २ वटा मोटरसाइकलमा आएका ५ जनाको समूहले गोली हानी हत्या गरेर फरार भएका थिए ।

शुरुमा शिवपुजन भारतीय व्यापारी भनिएपनि अनुसन्धानको क्रममा




उनी कुख्यात अपराधी तथा आंतकवादी गतिविधिमा संग्लन रहेको खुलेको बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए। उनकाअनुसार शिवपुजनको हत्या घटनामा बारा प्रहरीले १ जनालाई पक्राउ गरेको छ ।

'शिवपुजन भन्ने व्यक्ति भारतमा धेरै जनाको हत्या र अपराधिक घटनामा संग्लन भएर नेपालका लुक्न आएको देखिन्छ, पछिल्लो समय उनले जग्गा विवादमा छौडादानो ग्राम पञ्चायतका उपप्रमुख तथा आफ्नै ठूलो बुवाको छोरा रमेश यादवको हत्या गरेर भाग्ने क्रममा बारामा आएको देखिएको छ,' बाराका प्रहरी उपरीक्षक बोगटीले रातोपाटीसँग भने । यादव भारतको छौडादानो ग्राम पञ्चायतका स्थायी बासिन्दा हुन् ।

मृतक शिवपुजनविरुद्ध भारतको छौडादानो, घोडासहन, मोतीहारी, लगायतका स्थानमा डकैती,ज्यान मार्ने उद्योग,लुटपाट, हात हतियार सम्वन्धी एक दर्जन भन्दा बढी

(बाँकी तेश्रो पेजमा)

## बारामा पराल काट्ने मेसिनले हात काट्दा एक जना घाइते

बीरगंज, १० पुस ।

बाराको महागढीमाई नगरपालिकामा पराल काटने मेसिनले हात काटिदा एक जना गम्भीर घाईते भएका छन । महानगढीमाई नगरपालिका– ११ मधुरी टोल बस्ने ३५ वर्षीय अमिरकाप्रसाद यादव गम्भीर घाइते भएका हुन। आइतबार दिउँसो ना.६ त. १५७३ नम्बरको ट्याक्टरमा जडान गरिएको पराल काट्ने मेसिनमा पराल काटने क्रममा



यादवको हाट काटिएको थियो ।

अमिरकाको बायाँ हातको कुहिनो भन्दा तलतिरको भाग पुरै

(बाँकी तेश्रो पेजमा)

## दुई किलोग्राम युरेनियमसहित बाराबाट तीन जना पक्राउ

बारा, १० पुस ।

बारा जिल्लाको पथलैया बिरगंज सडकखण्ड अन्तर्गत जीतपुर स्थित एक होटेलबाट दुई किलोग्राम युरेनियमसहित तीन जनालाई सशस्त्र प्रहरीले पक्राउ परेको छ । जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर ७ को जितपुर स्थित आदित्य होटेलबाट शनिवार साँझ सशस्त्र प्रहरीटोलिले युरेनियम सहित पक्राउ गरेको हो ।

सशस्त्र प्रहरी बल र नेपाल ईन्टेलिजेन्स ब्युरोको विशेष सुचनाका आधारमा सशस्त्र प्रहरी बल १२ नम्बर गण हेक्वा मातहत सशस्त्र बेस क्याम्प जीतपुरको टोलीले युरेनियमसहित उनीहरुलाई पक्राउ गरेको सशस्त्र प्रहरी मधेस प्रदेश प्रमुख डीआईजी गणेश ठाडामगरले



बताएका छन्। पक्राउ पर्नेमा जीतपुर सिमरा उपमहानगरपालिका ७ का रबि चौधरी, ५ का ३० वर्षीय सागर चौधरी र रौतहट माधव नारायण नगरपालिका २ का २२ वर्षका बृज सहनी रहेको सशस्त्र प्रहरी बाराका प्रवक्ता अमरबहादुर खत्रीले जानकारी दिए। युरेनियम जस्तै देखिने बस्तुसहित उनीहरुलाई आवश्यक कारबाहीको लागि नेपाल प्रहरीलाई बुझाइएको सशस्त्र प्रहरी बाराले जनाएको छ । (साभार–रातोपाटी)

## ५० लाख फिरौती नपाउदा वीरगन्जमा बालकको हत्या

वीरगन्ज,१० पुस ।

वीरगन्जमा झण्डै एक महिना पहिले अपहरणमा परेका एक बालकको हत्या गरि शव शौचालयको सेप्टी ट्यांकीमा आइतबार फेला परेको छ । वीरगन्ज महानगरपालिका वडा नम्बर २५ सिर्सिया खल्वा टोलका श्रीमान् पासवानका १५ वर्षिय छोरा नीरज पासवानको शव , खल्वा टोलमै रहेको गुरुकुल पन्ना बोर्डिंग स्कुलको शौचालयको सेप्टी ट्यांकीबाट बरामद भएको हो ।

वीरगन्जको मीना बजारमा मासु पसल सन्चालन गर्दै आएका श्रीमान् पासवानका छोरा नीरज गत मंसिर ५



गते सम्पर्क विहिन भएका थिए। मंसिर ६ गते अभिभावकले वडा प्रहरी कार्यालय वीर्तामा नीरजको खोजतलाशका लागि निवेदन दिएका थिए । त्यसको चार पाँच दिन पछि अपरिचित व्याक्तिहरुले बुबा श्रीमान पासवानलाई मोबाइलमा फोन गरेर ५० लाख रुपैया फिरौती

(बाँकी तेश्रो पेजमा)

## महोत्तरीमा एक मजदुरको आगो लगाएर हत्या

महोत्तरी, १० पुस ।

महोत्तरीको सम्सी गाउँपालिकामा एक मजदुरको निर्ममतापूर्क हत्या गरिएको छ। सम्सी गाउँपालिका २ पर्सादिवाडका ४९ वर्षीय मोहम्मद खुर्सेद अन्सारीको मलद्वारमा पेट्रोल छर्केर आगो लगाइ हत्या गरिएको हो। अन्सारीको हत्यामा संलग्न रहेको आरोपमा पर्सादिवाडकै ३५ वर्षीय मो. अब्दुल सलामलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक कृष्ण पंगेनीले बताए । सलामले अन्सारीलाई यातना दिइरहेको भिडिओ पनि बनाएको प्रहरीले जनाएको छ । गएको बुधवार अन्सारीको मलद्वारमा आगो लगाएर उनलाई अचेत अवस्थामा उनकै घर अगाडि फालेर सलाम भागेका थिए। अचेत अवस्थामा रहेका अन्सारीको जानकी हेल्थ केयर जनकपुरधाममा उपचारका क्रममा

(बाँकी तेश्रो पेजमा)

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं ।
- न्यानो कपडा लगाऔं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं ।
- बालबालिकालाई तेल मालिस गरिदिऔं ।
- बढी चिसोमा मर्निङ वाक नगरौं ।
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं ।
- दैनिक घाम ताप्ने गरौं ।

सिम्रौनगढ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिम्रौनगढ, बारा

## जथाभावी फोहोर नफालौं, सभ्य बनौं

- सडक तथा सार्वजनिक स्थानमा फोहोर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुनः प्रयोग हुने फोहोरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थानमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

आफ्नो शहरलाई सदैव सफा र स्वच्छ राखौं ।

कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा

| | | |
|---|---|---|
| प्रकाशक | : | रामबाबु प्रसाद मेहता |
| प्रधान सम्पादक | : | अजय कुमार |
| सम्पादक | : | सरोज कुमार सिंह |
| समाचार सम्पादक | : | तिवारी यादव |
| प्रबन्धक | : | मुकेश कुमार महतो |
| कानुनी सल्लाहकार | : | परमहंस केशरी |
| अधिवक्ता | : | राजेन्द्र कुशवाहा |
| मुद्रक | : | बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा |
| ईमेल | : | subhamsandeshdaily@gmail.com |
| सम्पर्क नम्बर | : | ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७ |
| प्रधान कार्यालय | : | सिम्रौनगढ नपा ६, बारा |
| सम्पर्क कार्यालय | : | कलैया उमनपा १ (मोतिवाग), बारा |

# किता फेरेर प्रधानमन्त्रीमा प्रचण्डको तेस्रो "इनिङ्स"

काठमाण्डौ, १० पुस ।

आकस्मिक राजनीतिमा माहिर देखिएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड दोस्रो ठूलो दल एमालेसहितका दलको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका छन् । निर्वाचनमा सहकार्य गरेको, तर आफूलाई प्रधानमन्त्री बनाउन नमानेको प्रतिनिधिसभाकै पहिलो ठूलो दल नेपाली कांग्रेसलाई भने उनले संसदमा प्रतिपक्षी बेञ्चमा पुऱ्याएका छन् । भर्खरै सम्पन्न निर्वाचनमा तेस्रो दल बनेको माओवादीका अध्यक्ष प्रचण्ड ०६४ सालमा सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा सबभन्दा ठूलो दल बनेपछि पहिलोपटक, ०७४ सालको निर्वाचन अगाडि दोस्रोपटक प्रधानमन्त्री बनेका छन् ।

संसदमा तेस्रो दल बनेर पनि प्रधानमन्त्री भएका प्रचण्डले उनकै भाषामा छलाङ मारेका छन् । प्रचण्डले ०७४ सालमा एमालेसँग पार्टी एकताको निर्णयसहित वाम गठबन्धन गरेर चुनाव जितेपछि नेपाली कांग्रेसका नेता प्रदीप गिरि (जो हाल दिवंगत भइसके) ले एउटा लेखमा उल्लेख गरेका थिए, 'प्रचण्डको यो अन्तिम चमत्कार हो ।'

तर क्रान्तिकारी राजनीतिबाट संसदीय राजनीतिमा प्रवेश गरेका प्रचण्डले गिरिको अनुमानलाई फेल मात्रै खुवाइ दिएका छैनन्, आफ्नै राजनीतिक जीवनमा नयाँ अवसरसँगै चुनौती थपेका छन् । नेता गिरि जिवित रहँदै प्रचण्डले उनकै पार्टी कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन भूमिका खेलेका थिए । अहिले आफैं प्रधानमन्त्री बन्न सफल भएका छन् । तर, उनको यो चमत्कार सफल हुन्छ वा असफलताको अन्तिम घटना हुन्छ त्यो भने यसपछि उनले देखाउने राजनीतिक कार्यशैलीमा भर पर्नेछ ।

**अनुकुल संसदीय अंकगणित**

अघिल्ला दुई कार्यकाल १० महिनाभन्दा बढी प्रधानमन्त्री हुन नपाएका प्रचण्ड त्योभन्दा लामो अवधि प्रधानमन्त्री पदमा रहने गरी सरकारको नेतृत्वमा पुगेका छन् । आइतबार दिउँसो एमाले अध्यक्ष केपी ओलीको निवास बालकोटमा भएको छलफलमा प्रधानमन्त्रीलगायत पदमा आलोपालो पाँच वर्ष सरकारको नेतृत्व गर्ने सहमति भएको छ । त्यसो हुँदा प्रचण्ड प्रतिनिधिसभाको पहिलो अढाई वर्षे कार्यकाल निर्धक्क सरकारको नेतृत्वमा रहनेछन् । अस्थिर राजनीतिक स्वभाव भएका प्रचण्डका लागि यो काम गर्ने सुनौलो अवसर हुनेछ भने नयाँ बनेको गठबन्धनलाई जोगाउँदै बदलिएको राजनीतिक परिवेशको नेतृत्व गर्नु चुनौतीपूर्ण ।

यसअघिका दुईवटै कार्यकालमा प्रचण्डले छोटो समय सरकरको नेतृत्व गरेर बाहिरिनु परेको थियो । यतिबेला एमालेलगायत साना दल र स्वतन्त्र सांसदहरूको समेत गरेर करिबकरिब दुई तिहाई नजिकको समर्थन प्राप्त गरेका उनलाई आफ्नो पुरानो अस्थिर चरित्र सुधार्ने र उथलपुथलपूर्ण राजनीतिबाट उदाएको व्यक्तिका हिसाबमा मुलुकलाई नयाँ दिशा निर्देश गर्ने अवसर हुनेछ ।

प्रचण्ड स्वयम् यसअघि दुईपटक सरकारको नेतृत्व गर्दा पनि आफूले अपेक्षा अनुरुप काम गर्न नसकेको बताउँदै आएका थिए । राजनीतिक विश्लेषक झलक सुवेदी उनका लागि यसपटक काम गरेर देखाउने अवसर रहेको बताउँछन् ।

'नेपालमा विद्रोही नेताको रुपमा राज्यसत्तामा पुगे पनि इतिहास र वर्तमानले उहाँलाई त्यति 'फेवर' नगरेको देखिन्थ्यो । आफूले बिद्रोह गरेर



परिवर्तन भएपनि सरकारको नेतृत्व गरेर काम देखाउने अवसर नपाएको भाव उहाँमा देखिन्थ्यो । काम गरेर देखाउने हुटहुटी छ भन्नुहुन्थ्यो,' विश्लेषक सुवेदी भन्छन्, 'अहिले उहाँलाई अनुकुलता छ । मुलुक संक्रमणकालबाट मुक्त भएको छ । करिब साढे २ वर्षको समयावधि छ । अनुकुल मन्त्रीमण्डल गठनदेखि व्यवस्थित ढंगले सरकार सञ्चालन गर्ने हो भने उहाँलाई एउटा अवसर छ ।'

सुवेदीको विश्लेषणजस्तै उनलाई संविधानले नै साथ दिएको छ । बहुमतको सरकार गठन भएको पहिलो दुई वर्ष अविश्वासको प्रस्ताव संसदमा पेस गर्न नपाउने व्यवस्था संविधानमै छ । आइतबार अपरान्हसम्म प्रतिनिधिसभाका २७५ जना सदस्यमध्ये १७१ जनाको समर्थन रहेको दावीपत्र उनले राष्ट्रपतिसमक्ष पेस गरेका छन् । अब १० माघभित्र प्रतिनिधिसभाबाट विश्वासको मत उनले लिनुपर्नेछ । त्यतिबेलासम्म नेकपा एकीकृत समाजवादी पार्टी समेत प्रचण्डको समर्थनमा आउने एमाले नेता सुवासचन्द्र नेम्बाङको दाबी छ । त्यसो भएमा उनी दुई तिहाइ नहुने हुनेछन् । यो संसदीय अंकगणित उनका लागि आफूमाथि लागेका असफलताका आरोप चिर्न अनुकुल हुनेछ ।

**व्यक्तित्व र पार्टी सुधारको अवसर**

पहिलो संविधानसभा निर्वाचनमा करिबकरिब बहुमतको नजिक पुगेको तत्कालीन माओवादीले एमालेसँगको साझेदारीमा सरकार बनाएको थियो । गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री बन्ने अवसर प्राप्त गरेका प्रचण्ड पुग–नपुग १० महिना मात्रै सरकारको नेतृत्वमा रहन पाए । पहिलोपटक मुलुकको प्रधानमन्त्री भएर पनि छोटो समय सत्ताच्यूत हुनुपर्नाका पछाडि उनको आफ्नै स्वभाव र माओवादी पार्टीले पहिलो संविधानसभा निर्वाचनमा प्राप्त गरेको लोकप्रिय मतको धङधडी थियो ।

त्यतिबेला नेपाली सेनाको सेनापतिदेखि पशुपतिनाथ मन्दिरको मुल भट्ट परिवर्तनलगाय प्रकरणका कारण उनी विवादमा परे । जसका कारण अपेक्षाकृत हिसाबले सरकारमा टिक्न सकेनन् । पहिलोपटक सरकारको असफल नेतृत्व गरेसँगै प्रचण्डका लागि व्यक्तिगत मात्रै होइन सांगठनिक क्षयीकरण पनि सुरू भयो । भर्खरै शान्ति प्रक्रियामा आएका प्रचण्ड र उनको दल माओवादीका प्रति जनताको विश्वास घट्दै गयो ।

उनी सरकारबाट बाहिरिएसँगै सुरू भएको राजनीतिको अस्थिर खेलका कारण संविधानसभाले पहिलो कार्यकालमा दुईदुईपटक समय थप गर्दासमेत संविधान निर्माण गर्न सकेन । जसका कारण माओवादीले उठाएका कतिपय एजेन्डा नयाँ संविधानमा छुटे भने उधारो वाचा गरेर सत्ता राजनीतिमा उन्मुक्त भएको भन्दै जनतामा निराशा थपिँदै गयो । कतिसम्म भने सरकारको नेतृत्व राजनीतिक दलबाट फुत्किएर सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीको हातमा पुग्यो । त्यसले माओवादी मात्रै होइन सम्पूर्ण राजनीतिक दलप्रति पनि अविश्वासको वातावरण सिर्जना हुँदै गयो ।

परिणामतः २०७० सालमा सम्पन्न दोस्रो संविधानसभा निर्वाचनमा पहिलोबाट एकैपटक तेस्रो स्थानमा झऱ्यो । संविधानसभाको दोस्रो निर्वाचन अगावै माओवादीभित्र देखिएको विवादले पार्टी विभाजनको अवस्थामा पुग्यो । जसका कारण संविधानसभाबाट माओवादीले चाहे अनुरूपको संविधान निर्माण हुन सकेन । प्राप्त उपलब्धीको रक्षा भएको भन्दै माओवादीले संविधान निर्माण पछिको पहिलो आम निर्वाचनमा पुरानै हविगत ब्यहोर्नुपऱ्यो ।

२०७२ सालमा संविधान जारी भएपछि आम निर्वाचन हुनुअघिसम्म कांग्रेससँगको सहकार्यमा प्रचण्ड दोस्रोपटक प्रधानमन्त्री बने । त्यस क्रममा स्थानीय निर्वाचन गराउने सहमतिसहति प्रधानमन्त्री बनेका उनले १० महिनामा नै देउवालाई सत्ता सुम्पिनु पऱ्यो । पूर्व सहमतिअनुसार स्थानीय तहको निर्वाचन सम्पन्न भएसँगै १९ साउन २०७३ मा प्रधानमन्त्री बनेका उनले २३ जेठ २०७४ मा पदबाट राजीनामा दिए । उक्त कार्यकाल उनका लागि स्थानीय तहको निर्वाचन सम्पन्न गर्नमा नै केन्द्रित रह्यो । उनले यही बाहाना पटकपटक देखाउँदै पुनः सरकारको नेतृत्व गर्ने चाहना व्यक्त गर्दै आएका थिए ।

प्रचण्डले प्रधानमन्त्रीको पहिलो कार्यकाल शासकीय अनुभवको कमीका कारण सदुपयोग गर्न सकेनन् । तर, दोस्रो कार्यकाल स्थानीय तहको पहिलो निर्वाचन गराउन र संविधान निर्माण प्रक्रियासँग असहमत मधेसवादी राजनीतिक दललगायत शक्तिलाई फकाउन र निर्वाचनमा सहभागी गराउनमा नै बित्यो ।

स्थानीय तहको निर्वाचनमा कांग्रेससँग सहकार्य गरेको माओवादीले प्रतिनिधिसभामा एमालेसँग पार्टी एकताको घोषणासहित वाम गठबन्धन गऱ्यो । ०७४ को चुनावमा वाम गठबन्धनले सफलता हात पाऱ्यो भने पूर्व सहमतिअनुसार एमाले र माओवादी केन्द्रको पार्टी एकता पनि भयो । तर एमाले अध्यक्ष ओलीसँग गुपचुप गरेको आलोपालो प्रधानमन्त्रीको विषयले तत्कालीन नेकपाभित्रै विवाद सुरू भयो ।

त्यसैको झोकमा ओलीले सरकार गठन भएको तीन वर्ष नपुग्दै ५ पुसमा संसद विघटन गरे भने त्यसको विरोधमा प्रचण्डले पुनः कांग्रेससँग सहकार्यको बाटो समाते । संसद विघटनकै कारण एमाले विभाजन भएर माधव नेपाल नेतृत्वमा एकीकृत समाजवादी गठन भयो । ओलीको उक्त कदमविरुद्ध एक भएका शक्तिहरूको गठबन्धन यो चुनावसम्मै कायम रह्यो । तर, अन्तिम समयमा सरकार गठनमा शक्ति बाँडफाँटको विषयमा मतान्तर हुँदा प्रचण्ड पुनः एमालेको सहयोगमा तेस्रोपटक प्रधानमन्त्री बन्न सफल भएका छन् ।

राजनीतिक विश्लेषक सुवेदीका अनुसार, नवनियुक्त प्रधानमन्त्री प्रचण्डलाई अबको गठबन्धनका सम्भावित 'लफडा' मिलाउन सक्ने चुनौतीबाहेक जनपक्षीय काम गर्ने अनुकुलता छ । शिक्षा र स्वास्थ्य सेवामा आमूल सुधार, मुलुकका संवैधानिक निकायहरुको 'व्यवसायीकरण' मा सहयोग र केही ठूला पूर्वाधार आयोजनालाई गति दिने अनि सेवा क्षेत्रमा सुधार गर्न सके जनतालाई परिवर्तनको अनुभूति गराउन सकिने उनी बताउँछन् । 'आधारभूत स्वास्थ्य सेवाको विस्तार, विशेषज्ञ सेवाको प्रभावकारिता बनाउनुपर्ने देखिन्छ । पर्यटन पूर्वाधारको विकास र रोजगारीको अवसर सिर्जना हुनुपर्छ । कृषिमा लागेकाहरुलाई रुँदै हिड्ने अवस्था हटाउन सके मात्रै धेरै सुधार हुन्छ,' उनी भन्छन्, 'राष्ट्रिय संस्थाहरूको संस्थागत विकास, संवैधानिक निकायको व्यवस्थापन, विश्वविद्यालयको सुधार लगायतको वातावरण बनाउनुपर्छ । यी संस्थाको सुधार हुने वित्तिकै राज्यको प्रभावकारिता देखिन्छ ।'

प्रचण्डले अबको कार्यकाल नागरिकको अपेक्षाअनुसार काम गर्न सकेको खण्डमा उनलाई आफ्नो व्यक्तित्व मात्रै होइन ओरालो लाग्दै गरेको पार्टी संगठन जोगाउने अवसर समेत बन्नेछ । यदि उनी पुरानै शैलीमा अस्थिर राजनीति खेलमा सामेल भइरहे र गठबन्धनको उचित व्यवस्थापन गर्न सकेनन् भने प्रचण्ड मात्रै होइन, माओवादी पार्टीकै ओरालो यात्रा कसैले रोक्न सक्ने छैन ।

**अर्थतन्त्र सुधार्ने चुनौती**

प्रचण्ड त्यस्तो समयमा प्रधानमन्त्री भएका छन्, जतिबेला अर्थतन्त्रका अधिकांश सूचक नकारात्मक छन् । उनी प्रधानमन्त्री हुँदै गर्दा बनेको गठबन्धनसँग कुनै पनि न्युनतम् साझा कार्यक्रम छैनन् । अकस्मात गठबन्धन बदलेका उनले यस विषयमा छलफल समेत गरेका छैनन् । देश र जनताका मुद्दा हेर्ने साझा दृष्टिकोण बनेको छैन । नेतृत्वमा आएका प्रचण्डसँग पनि अर्थतन्त्र र जनजीविका चलाउने योजना र त्यसको खाका छैन ।

राप्रपाका वरिष्ठ नेता तथा पूर्वअर्थमन्त्री प्रकाशचन्द्र लोहनी यो सरकारको प्रमुख प्राथमिकता भ्रष्टाचार नियन्त्रण (सुशासन) र रोजगारीको वृद्धि हुनुपर्ने बताउँछन् । त्यसकै जगमा काम गर्न सके मात्रै सरकार सफल हुने उनको भनाइ छ । 'नयाँ सरकारले चालु खर्च कम गर्नेबारे सोच्नुपर्छ, खर्च हुने तर उपलब्धी नहुने अवस्था हटाउने गरी संरचना नै विकास गर्नुपर्छ,' उनी भन्छन्, 'जुनसुकै हालतमा नेपालका उत्पादन, उत्पादक र साना कृषकहरुलाई आवश्यक प्रविध, पूँजी र सुविधा उपलब्ध गराउनुपर्छ ।' यति काम भए अर्थतन्त्रका अधिकतम् समस्याहरू समाधानउन्मुख हुने उनको भनाइ छ ।

अब बन्ने सरकारले देशको विकास र समृद्धिका लागि अर्थतन्त्रमा रहेका तात्कालिक समस्या सुल्झाएर मात्रै पुग्ने छैन । प्रधानमन्त्रीको कुर्सीमा बसेर प्रचण्डले मुलुकमा व्याप्त निराशालाई उत्साहमा बदल्ने गरी काम गर्नुपर्ने छ । अहिले निजी क्षेत्रको मनोबल गिरेको समय छ । बजार महँगीले नागरिक त्रस्त छन् । किसानले समयमै मल नपाउने, युवाले रोजगारीका लागि विदेश नै जानुपर्ने, सरकारी सेवा लिन जाँदा घण्टौं लाइन बस्नुपर्ने आदि बिडम्बनापूर्ण अवस्थाले राजनीतिक तथा प्रशासनिक नेतृत्वप्रति जनताको असन्तुष्टि चुलिएको छ । वैदेशिक रोजगारीले धानिएको रेमिट्यान्सबाहेक अर्थतन्त्रका सूचकहरू रातो बत्ती बालेर प्रचण्डको स्वागतमा छन् ।

समस्याग्रस्त बनेको अर्थतन्त्रको बाह्य क्षेत्रका चुनौती पनि उस्तै विकराल छ । पछिल्ला महिनाहरूमा विदेशी

(बाँकी तेश्रो पेजमा)

# उतारचढावको वैदेशिक व्यापार




**डा. सुमनकुमार रेग्मी**

अघिल्ला वर्षसम्म पनि भारत, चीन र अन्य देशमा गरिँदै आएको वस्तु निर्यातमा कमी आएपछि समग्र रूपमा व्यापारघाटा पनि बढेको देखिन्छ । आधुनिक उपभोग्य र विलासिताका सामग्रीका उच्च आयातको निराशाजनक निर्यातले देश ग्रस्त छ । फलस्वरूप देश आयातमुखी चर्को रूपमा बढ्दैछ । स्वदेशी उत्पादन वृद्धि तथा प्रवर्द्धनात्मक कार्यक्रममा सफलता नपाउनु र उत्पादन भएका सामान निर्यात हुन नसक्नुले व्यापारघाटा बढ्दै गएको छ । अघिल्ला वर्षझैं निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापनका लागि सरकारले गरेका कार्यक्रम विफल हुँदै गएका छन् । व्यापारघाटा कम गर्न समयसमयमा धेरै नीति उद्घाटन गरे पनि उपलब्धि हुन सकेन । आयात प्रतिस्पर्धाका १२ वस्तुका निर्यात पनि निराशाजनक अवस्थामा छन् ।

हरेक वर्ष निर्यात बढाउने भनी नयाँनयाँ नमुनाका रूपमा नयाँ कार्यक्रम ल्याई हल्ला फिजाइन्छ तर हरेक वर्ष कार्यक्रम कार्यान्वयन हुन नगई निर्यात अधोगतिमा जाँदैछ । आव २०७९/०८० को पहिलो महिनामा अघिल्लो आर्थिक वर्षको पहिलो महिनाको तुलनामा निकासी व्यापार, मुद्रासञ्चिति, वैदेशिक लगानी, मुद्रास्फीतिमा त्यति विधि सुधार आएको देखिँदैन । २०७९/०८० को प्रथम दुई महिनामा निर्यात बढ्न र आयात घटाउन सकिएको देखिँदैन ।

पूर्णबन्देज वा परिमाणात्मक बन्देज लगाइएका सामानबाहेक अन्य वस्तुको निकासी गर्न इजाजत चाहिने छैन । परिमाणात्मक बन्देज लगाइएका वस्तुको हकमा सोधखोज गरी निकासी इजाजतपत्र दिइनेछ । तर वैदेशिक मुद्राको कमी हुने अवस्थाले २०७८ माघपछि केही वस्तुमा आयातमा पूर्वप्रतीतपत्र लिन पर्ने गरिएका थियो । २०७९ वैशाखमा २०७९ असारसम्म १० वस्तुको आयात बन्द गरियो । तर २०७९ भदौसम्म गाडी, मोटरसाइकल, मदिरा र मोबाइल आयातमा मात्र आयात बन्द गरिएको छ ।

**व्यापारघाटा कम गर्न सरकार प्रयत्नशील**

निर्यात प्रवर्द्धन कोष फलदायी बनाउने, प्रभावकारी निकासी विकास तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । त्यो भयो भनेमात्र निकासी प्रवर्द्धनमा सघाउ पुग्न जाने हुन्छ । आर्थिक वर्ष २०७८/०७९ मा नेपालमा १ सय ६४ देशबाट १९ खर्ब २१ अर्बभन्दा बढीको सामान आयात भएको छ । भारतबाट २०७८/०७९ मा नेपालले १२ खर्ब १५ करोड २७ लाखभन्दा बढीको सामान आयात गरेको थियो । १२ खर्बभन्दा बढीको सामान आयात हुँदा एक खर्ब ५५ अर्ब २२ करोड ३० लाखबराबरका सामान निर्यात भएको थियो । नेपालले भारतसँग मात्र २०७८/०७९ मा १० खर्ब ४४ अर्ब ९३ करोड ४ लाखभन्दा बढीको व्यापारघाटा व्यहोरेको थियो ।

भारतपछि ठूलो मात्रामा आयात चीनबाट भएको छ । २०७८/०७९ मा चीनबाट २ खर्ब ६४ अर्ब ७८ करोड ३७ लाखबराबरको आयात भएकोमा ८० करोड ८७ लाख ५४ हजारबराबरको मात्र सामान निर्यात हुँदा चीनसँग २ खर्ब ७३ अर्ब ९७ करोड ४९ लाखबराबरको व्यापारघाटा भयो । चीनसँगको आयातसँगै निर्यात वृद्धि हुँदै आएको छ । २०७८/०७९ मा नेपालले २ खर्ब ३० करोड ९६ लाखबराबरको स्वदेशी कल वस्तु निर्यात गरेको थियो । २०७७/०७८ मा नेपालले १ खर्ब ४१ अर्ब १२ करोड ४० लाखको निर्यात गरेको थियो । २०७७/०७८ को तुलनामा २०७८/०७९ मा आयात २४.७२ र निर्यात ४१.७४ प्रतिशतले वृद्धि भएका देखिन्छ ।

आयातको तुलनामा न्यून मात्रामा निर्यात हुँदा नेपालको व्याापार घाटा वृद्धि भएको थियो । २०७७/०७८ को तुलनामा २०७८/०७९ मा २३ प्रतिशतले व्यापारघाटा वृद्धि भएको देखिन्छ । २०७७/०७८ को तुलनामा २०७८/०७९ मा २३ प्रतिशतले व्यापारघाटा वृद्धि भएको थियो । २०७८/०७९ मा देशको व्यापारघाटा १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख पुगेको थियो । ७७/७८ मा व्यापारघाटा १३ खर्ब ९८ अर्ब ७१ करोड २९ लाखबराबर थियो । २०७८/७९ मा नेपालले २१ खर्ब २० अर्ब ४७ करोड ९३ लाखबराबरको वैदेशिक व्यापार गरेको थियो । तर २०७७/७८ को तुलनामा २६.१५ प्रतिशतले बढी छ । २०७७/७८ मा नेपाल १६ खर्ब ८० अर्ब ९६ करोड ११ लाखबराबरको वैदेशिक गरेको थियो ।

कृषिप्रधान देशमा २ खर्ब ५० करोडको खाद्यान्न आयात हुन हीनताबोध भएको छ । २०७८/०७९ मा वार्षिक बजेटभन्दा झन्डै तीन खर्ब बढीको आयात, १७ खर्बको बढीको

(बाँकी तेश्रो पेजमा)

# लगानी सुनिश्चित नभएका आयोजनाले 'राष्ट्रिय प्राथमिकता'को दर्जा नपाउने

काठमाण्डौ, १० पुस ।

लगानी तथा स्रोत सुनिश्चित नभएका आयोजनाले 'राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना'को दर्जा नपाउने भएका छन् । राष्ट्रिय योजना आयोगले 'राष्ट्रिय प्रथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड २०७९'लाई ७ मंसिरमा स्वीकृत गरेको छ। उक्त मापदण्ड अनुसार अब स्रोत र लगानी सुनिश्चित भएका आयोजनालाई मात्र यस्तो मान्यता दिइने छ । यसले आयोजना कार्यान्वयन पूर्व हुने अवरोध चिर्न मद्धत पुग्ने आयोगको भनाइ छ । यस मापदण्डले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हुन चाहिने न्यूनतम मापदण्ड तोकेको छ। जस अनुसार स्रोत र लगानी सुनिश्चितताको प्रमाण अनिवार्य हुनु पर्छ । नेपालमा स्रोत सुनिश्चितताविनै आयोजना घोषणा गर्ने प्रचलन धेरै छ। कतिपय राष्ट्रिय गौरवका आयोजनामा समेत स्रोत/लगानीको टुंगो छैन। यसमध्ये निजगढ विमानस्थल एक हो ।

मापदण्ड अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा सरकारले मान्यता दिनु अगाडि यस्तो आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुनुपर्छ। चालु आवधिक योजनाले राष्ट्रिय प्राथमिकता निर्धारण गरेको क्षेत्र भित्र परेको समेत हुनुपर्ने मापदण्डमा तोकिएको छ । आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको पत्र समेत आवश्यक हुनेछ । आयोजनाबारे सम्बन्धित मन्त्रालयको सचिवस्तरीय निर्णयका आधारमा मात्र सरकारले आयोजनालाई यस्तो मान्यता दिने भएको छ।

**आयोजना कसरी सूचीकृत हुनेछन् प्राथमिकता प्राप्तमा ?**

नेपालमा आयोजनाको वर्गिकरण गर्ने जिम्मेवारी योजना आयोगको हो । तोकिएको मापदण्ड अनुसार तोकिएको शर्त पुरा गरेका आयोजनामध्येबाट योजना आयोगको मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रममा उल्लेख भएका पहिलो र दोस्रो प्राथमिकताका आयोजनालाई आयोगले राष्ट्रिय प्राथमिकता भए/नभएको निर्धारण गर्न सक्ने छ । आयोगले यस्ता आयोजनाबारे वन तथा वातावरण मन्त्रालयमा सिफारिस गर्दै सबै मन्त्रालयलाई जानकारी दिनु पर्ने समेत मापदण्डमा उल्लेख छ। पहिलो र दोस्रो प्राथमिकतामा नभएका तथा अन्य आयोजनालाई समेत यस सूचीमा राख्नु पर्ने भएमा आयोजना हेर्ने आयोगका सदस्यको सिफारिसमा आयोगले निर्णय गर्न सक्ने समेत मापदण्डमा उल्लेख छ । प्रादेशिक प्राथमिकतामा रहेका आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त भए नभएको निर्धारण गर्नुपर्ने भएमा प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालयको निर्णयसहित राष्ट्रिय योजना आयोगमा सिफारिस गर्नुपर्ने समेत मापदण्डमा उल्लेख छ ।

स्थानीय तहले समेत कुनै आयोजनालाई राष्ट्रिय प्राथमिकतामा समावेश गर्न सक्नेछन्। यसका लागि स्थानीय तहको गाउँ–नगरसभाबाट स्वीकृत गराई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत आयोगमा सिफारिस गर्नुपर्ने मापदण्डमा तोकिएको छ । गैरसरकारी क्षेत्र वा सामाजिक विकासका लागि समुदायबाट सञ्चालन गर्ने १० करोड रुपैयाँ भन्दा बढी लागतका आयोजनालाई समेत राष्ट्रिय प्राथमिकतामा राख्न सकिन्छ । यसका लागि स्थानीय तह र संघीय मामिला मन्त्रालयमार्फत आयोगमा सिफारिस आउनु पर्ने भएको छ । आयोगका अनुसार नयाँ मापदण्ड बनेसँगै यसअघि २०७५ सालमा ल्याइएको मापदण्ड खारेज भएको छ ।

**अहिले नेपालमा कति छन् राष्ट्रिय महत्वका आयोजना ?**

नेपालमा रुपान्तरणकारी आयोजना, राष्ट्रिय गौरवका आयोजना र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना गरी ठूला र महत्वपूर्ण आयोजनालाई वर्गिकरण गरिएको छ। अहिले नेपालमा राष्ट्रिय गौरवका २४, रुपान्तरणकारी १८ र राष्ट्रिय महत्वका २१ गरी कुल ६३ आयोजना कार्यान्वयनमा छन् । आर्थिक, सामाजिक, पूर्वाधार र शासकीय सुधारका आयोजनाहरुलाई राज्यले प्राथकितामा समटेर बजेट राख्ने गरेको छ ।

(साभार–अनलाइनखबर)

## कित्ता फेरेर................

विनिमय सञ्चिति केही सुधारिए पनि यसको दिगोपनमाथि प्रश्न बाँकी नै छन् । आयात प्रतिबन्धको प्रभावले शोधनान्तर बचततर्फ उन्मुख भएपनि स्थायित्व कायम गर्न चुनौती छ। व्यापार घाटा कम गर्दै नलगे अर्थतन्त्रको बाह्य क्षेत्र झन् समस्यामा फस्ने निश्चित छ। यस्तो जटिला समयमा नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयबीच मौद्रिक तथा आर्थिक नीतिहरूबीच तालमेल छैन । बैंकिङ क्षेत्रमा तरलताको अभाव चर्किएको छ । जसले पाइपलाइनमा रहेका लगानी पनि पछाडि धकेलिएका छन् । ब्याजदर १० वर्षयताकै उच्च ( १२.६५ प्रतिशत) सम्म पुगेको छ ।

अर्थतन्त्रका बाह्य क्षेत्रको चाप कम हुँदा सरकारी वित्त र वास्तविक क्षेत्र समस्यामा छन्। बजारमा हुने वस्तु तथा सेवाको माग र कारोबारमा उच्च गिरावट आएको छ । यस्तो गिरावटले अर्थतन्त्रमा नै संकुचन आउने त्रास सर्वत्र छ । सरकारी लक्ष्यअनुसार राजस्व असुली भएको छैन, जसले सरकारी खर्चमा चाप परेको छ । सरकार ५ महिनामै ७८ अर्ब रुपैयाँको बजेट घाटामा चलिरहेको छ। चालु आर्थिक वर्ष पाँचौं महिना बित्दा ( मंसिर मसान्त) सम्म ३ खर्ब ५७ अर्ब ८२ करोड रुपैयाँ राजस्व संकलन गरेको सरकारले ४ खर्ब ३५ अर्ब २१ करोड रुपैयाँ (लक्ष्यको २४.२६ प्रतिशत) खर्च गरिसकेको छ। सरकारलाई चालु खर्च गर्न नै स्रोत जुटाउन हम्मेहम्मे परिरहेको छ । चालु आर्थिक वर्षको करिब साढे पााच महिनामा १० प्रतिशत मात्रै पूँजीगत खर्च गर्न सकेको छ। विकासे अ□ा र परियोजनाहरू ढिलाइ र अनियमितताको अखडा बनेका छन् ।

स्वदेशी विदेशी लगानीकर्ताको विश्वास आर्जन गर्न सरकार सफल छैन भने बढ्दो सार्वजनिक ऋणको दुरुपयोग बढ्दो छ । पूँजीगत खर्च गर्न नसक्ने र विदेशी ऋण पनि सदुपयोग नहुने अवस्था छ। यस्तो बेला ब्याजदर तथा तरलता अभावका कारण आन्तरिक ऋण उठाउन समेत सकसको अवस्था छ । ३२०० को विन्दुमा पुगेको सेयर बजार अहिले १८०० को विन्दुमा झरिसकेकाले सेयर लगानीकर्ताको समेत मनोबल गिरेको छ ।

आयातका क्रममा हुने न्यून विजकीकरण लगायत विदेशी मुद्राको अपचलन र राजस्व छली प्रणालीगत समस्या बनिसकेको छ। घरजग्गा जस्ता अनुत्पादक क्षेत्रमा हुने लगानी रोक्न सरकार पूर्णतः असफल छ। समानान्तर र कालो अर्थतन्त्र मौलाएको छ । प्रणालीमा बढेको जोखिम र आर्थिक तथा वित्तीय अनुशासनहीनताको बाटो फेर्न लागि अबको सरकारले काम नगरी सुखै छैन । तर,आफ्नालाई च्याप्ने र सीमित उद्योगी व्यापारीलाई संरक्षणको गर्नेसहित सुशासनका मामिलामा कयौं आरोप र प्रश्नले घेरिँदै आएका प्रचण्ड स्वार्थको यस्तो घेरा तोड्न हुनेमा आशंका छ ।

साथै उनले विश्व राजनीतिमा देखिएको आर्थिक प्रतिस्पर्धा र शक्ति राष्ट्रहरू ध्रवीकरणले देशमा पार्ने नकारात्मक प्रभाव न्युनीकरण गर्नुपर्ने देखिन्छ । अर्थशास्त्रीहरूका अनुसार यस्तो जटिल अवस्थामा बनेको गठबन्धन र सरकारले आफ्ना औचित्य पुष्टिका लागि भए पनि केही न केही निर्णायक र प्रभावशाली कदमहरू चाल्नुपर्ने हुन्छ । तर, त्यसका लागि सरकारको अन्तर्राष्ट्रिय वृत्तमा साख कस्तो बन्छ भन्ने टुंगो छैन।

एकजना अर्थशास्त्री 'कम्युनिष्ट बाहुल्य दलहरूको सरकार बन्यो भन्ने सन्देश जाँदा अन्तर्राष्ट्रिय जगतसँग सरकारको आर्थिक सम्बन्धमा केही समस्या निम्तिनसक्ने' आशंका व्यक्त गर्छन् । 'यो गठबन्धन र सरकारमा वामपन्थी, मध्यपन्थी, मध्य दक्षिणपन्थी र दक्षिणपन्थी सबै विचारधाराका ७ वटा छुट्टाछुट्टै दलहरू छन्। यो आफैंमा ठूलो परीक्षण हो,' नाम उल्लेख गर्न नचाहाने उनी भन्छन्, 'यति धेरै दलहरू एकै ठाउँमा हुँदा मुलुकले भोगेका साझा समस्याहरू सम्बोधन गर्नेमा बहस छलफल बढी जीवन्त हुन्छ कि भन्ने आशा गरौं, भर नपरौं ।' (साभार–अनलाइनखबर)

## उतारचढावको ...........

व्यापारघाटा देखिन्छ । एक वर्षको अवधिमा नेपालले १९ खर्ब २० अर्बको आयातको गरिएको छ । २०७८/७९ को वार्षिक बजेट नै १६ खर्ब ३२ अर्बको थियो । २०७८/०७९ मा व्यापारघाटा १७ खर्ब २० अर्बको छ। २०७८/०७९ मा नेपालले सबैभन्दा बढी इन्धनको आयातमा खर्च भएको छ। एक वर्षको अवधिमा नेपालले ३ खर्ब ८३ अर्बभन्दा बढीको इन्धन आयात गरेको छ । नेपालले इन्धनपछि सबैभन्दा बढी खाद्यान्न, फलामजन्य सामाग्री, इलेक्ट्रोनिक सामग्री आयात बढी छ ।

व्यापारघाटा सबैभन्दा बढी भारतसँग भएको छ। नेपालले भारतबाट १२ खर्ब १५ करोडको सामान आयात गरेको छ । भारतबाट १२ खर्बभन्दा बढी सामान आयात हुँदा केवल ५५ अर्ब २२ करोडबराबरको सामानमात्र भारततर्फ निर्यात भएको छ। भारतमा मात्र १० खर्ब ४४ अर्ब ९३ करोडभन्दा बढीको व्यापारघाटा भारतसँग व्यहोरेको छ। भारतपछि चीनसँग २ खर्ब ६३ अर्ब ९७ करोडको व्यापारघाटा छ । एक वर्षमा नेपालले २१ खर्ब २० अर्ब ४७ करोडको वैदेशिक व्यापार छ । आव २०७७/०७८ मा नेपालले १६ खर्ब ८० अर्ब १७ करोडको वैदेशिक व्यापार भएको थियो ।

सबै देशसँग व्यापारघाटाको कुरा गर्ने हो भने २०६९/०७० मा ५ खर्ब ३६ अर्ब २३ करोड थियो भने १० वर्षपछि १७ खर्ब २० अर्ब ४१ करोड छ । २०७८/०७९ मा मात्र डिजेलमा १ खर्ब ६८ अर्ब २३ करोड, पेट्रोल ७१ अर्ब ३८ करोड र एलपी ग्यासमा ६५ अर्ब ५५ करोड व्यापारघाटा छ । नेपालको निर्यात व्यापार २ खर्ब ३० करोड पुगेको छ । निर्यात व्यापार २०७७/७८ मा तुलनात्मक रूपमा २०७८/०७९ मा ४१.७ प्रतिशतले बढेको छ । २०७८/०७९ मा निर्यात भएका वस्तुहरूमा प्रशोधन भटमासको तेल ४५ अर्ब ३५ करोड, प्रशोधन पाम तेल ३७ अर्ब ९४ करोड, सेन्थेटिक यार्न १० अर्ब १४ करोडको, उनी गलैंचा र कार्पेट ७ अर्ब, तयारी कपडा ५ अर्ब ७६ करोडको छ ।

चीनसँग नेपालको कुल इन्धनको ३० प्रतिशत २०७३ मा चीनसँग व्यापार तथा यातायात पारवहन सम्झौता भएको छ। नेपालबाट चीनतर्फ जडीबुटी, हस्तकलाका सामान निर्यात हुने गरेको छ । २०७१ सालदेखि औपचारिक रूपमा सञ्चालनमा आएको रसुवागढी नाकामा तातोपानी नाका बन्द भयो । २०७६/०७७ मा १ खर्ब ८१ अर्बको चिनियाँ सामान आयात भएको छ। २०७५/०७६ मा नेपालको चीनमा निर्यात भने २ अर्ब १० करोड रुपैयाँ मात्र भएको देखिन्छ। २०७६/०७७ मा १ अर्ब १९ करोडको नेपाली सामान चीन निर्यात भएको छ। व्यापारघाटा भएका देशमा इन्डोनेसिया, अर्जेन्टिना, थाइल्यान्ड, भियतनाम, दक्षिण कोरिया, मलेसिया, फ्रान्स र जापान आदि छन्। नेपालको निर्यात व्यापार भारत, चीन, अमेरिका, टर्की, जर्मनी, बंगलादेश, क्यानडा, जापानलगायत देश छन् । नेपालबाट चालू सात महिनामा मुख्य रूपमा चिया, अलैंची, अदुवा, कार्पेट, तयारी पोसाक, चाउचाउ, जुसलगायत वस्तु छन् । सर्वसाधारणको स्वास्थमा गम्भीर असर पर्ने विषादीयुक्त तरकारी, फलफूल र खाद्य पदार्थको आयात र प्रयोगमा नियन्त्रणाको पहल अर्थात् टीबीटी र एसपीएस माध्यमबाट आयात व्यवस्थापन गरिने कुरा प्रकाशमा आएको छ। यसका लागि हरेक प्रदेशमा प्रविधियुक्त नाका तोकिने बताइएको छ ।

**वैदेशिक व्यापारका सुधारका उपाय**

देशको व्यापारघाटा कम गर्न र देशको निकासी बढाउन सरकारले विभिन्न योजना तथा कार्यक्रम अघि सारे पनि देशको व्यापारघाटा बढ्दै गएको छ । जसले सरकारको कार्यक्रम सफल भएको देखिन्न । निकासी बढ्न नसक्नु र आयात तीव्र गतिमा बढ्नु देशको व्यापारघाटा बढ्दै जानुमा कारक तत्त्व थियो। नेपालबाट निर्यात हुने केही हरेक वस्तुहरू अर्बमा र धेरैजसो आयातित वस्तुहरू खर्बौंमा आयात हुँदै आएकाले देशको व्यापारघाटा बढ्दै आएको थियो । नेपालबाट मुख्य रूपमा निर्यात हुने वस्तुहरूमा कपडा, तयारी पोसाक, गलैंचा, अदुवा चिया, चाउचाउ, अलैंची आदि थिए ।

अघिल्लो वर्षभन्दा अगाडिका आर्थिक वर्षमा गलैंचाको निकासी घटेको थियो । तर तयारी पोसाकको निर्यात बढेको थियो। कुनै वर्ष निर्यात वृद्धि हुने वस्तुमा अलैंची परेको थियो भने आयात वृद्धि भएका वस्तुमा पेट्रोलियम पदार्थ, गाडी र पार्टपुर्जाहरू मोबाइल सेट मुख्य थिए । वस्तुगत आधारमा पशु आहार, धागो, वनस्पति घिउ, तयारी पोसाकलगायतको कुनै वर्ष निर्यात बढेको थियो भने जुस, अलैंची, जीआई पाइप, ऊनी गलैंचासहितको कुनै वर्ष निर्यात घटेको थियो। समग्रमा वस्तुगत रूपमा पेट्रोलियम पदार्थ, यातायातका साधन, पार्टपुर्जा, सुन, एमएस बिलेट, पोलिथिन ग्रेनुयल्सलगायत वस्तुका आयात बढेको छ । तर कृषि औजार, पार्टपुर्जा, विद्युतीय सामान, सेनिटरी वेयर्स, खाने तेल, ब्याट्रीलगायत वस्तुको आयात घटे–बढेको छ। पशु आहार, तयारी पोसाक, पिना, वनस्पति घिउलगायतको वस्तुको निर्यात बढेको छ । तर जुस, अलैंची, उनी गलैंचा, पाइप, टुथपेस्टलगायतका वस्तुका निर्यात घटेको देखिन्छ। भारत, चीन र अन्य देशमा गरिँदै आएको वस्तु निर्यातमा कमी आएपछि समग्ररूपमा व्यापारघाटा पनि बढेको देखिन्छ। करिब दुई दशक अगाडिसम्म नेपालले चामल निर्यात गर्थ्यो । हरवर्षमा ३५ अर्ब रुपैयाँका भन्दा बढी विदेशी चामल नेपालमा आयात हुँदै आएको छ । नेपालमा इन्धनमात्रै बर्सेनि १ खर्ब ४० अर्बका खपत भइरहेको छ। बर्सेनि ३२ अर्बभन्दा बढीको सुनचाँदी र २५ अर्बभन्दा बढीको मोबाइल सेटको आयात भइराखेको छ ।

नेपालमा बढी आयात भएका वस्तुमा फलाम तथा स्टिल, पेट्रोलियम पदार्थ, सवारीसाधन र पार्टपुर्जा छन् । नेपालको निर्यात दयनीय भई नेपालबाट बढी निर्यात भएका वस्तुहरूमा चिया, कफी, म्यान मेड स्टेपल फाइबर, कार्पेट, कपडा तथा कच्चा पदार्थ, फलाम तथा स्टिल मुख्य थिए। अघिल्ला वर्षसम्म पनि भारत, चीन र अन्य देशमा गरिँदै आएको वस्तु निर्यातमा कमी आएपछि समग्ररूपमा व्यापारघाटा पनि बढेको देखिन्छ। निर्यात प्रवर्द्धन कोष फलदायी बनाउने, प्रभावकारी निकासी विकास तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने हो भनेमात्र निकासी प्रवर्द्धनमा सघाउ पुग्न जाने हुन्छ । रेग्मी, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्वनायब कार्यकारी निर्देशक हुन् । (साभार–अन्नपूर्णपोष्ट)

## बारामा पराल ............

कटेको, दाहिने हातको ४ वटा औंला काटिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए । (साभार–अनलाइनखबर)

## बारामा हत्या .................

मुद्दा रहेका अनुसन्धानको क्रममा खुल्न आएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायव उपरीक्षक राजेश थापाले जानकारी दिए। नातामा दाजु पर्ने रमेश यादवको हत्या घटनामा फरार रहेका शिवपुजन पछिल्लो समय वीरगञ्ज, जनकपुर, काठमाडौं, रौतहट र बाराको बिभिन्न ठाँउमा लुकिछिपी बस्दै आएका थिए । शुक्रवार उनी बाराको बरियापुरस्थित छोरीको घर छेउमा नास्ता पसलमा ३ जना सहयोगी सहित बसेका थिए। सोही क्रममा शिवपुजनलाई भारतबाट आएका दिनेश यादव सहितको गिरोहले हत्या गरेर भारततर्फ नै फरार भएको श्रोतले जनाएको छ।

शिवपुजनलाई गोली प्रहार गरेसँगै दिनेश यादवको समूह फरार भएको र शिवपुजनसँगै रहेका ३ जना मध्ये १ जना पनि फरार हुनुले सम्पूर्ण सूचना तिनै व्यक्तीले दिएको हुनसक्ने प्रहरीले जनाएको छ । भारतमा अपराधिक घटनामा संग्लनहरु नेपालमा प्रवेश गरेर लकिछिपी बस्ने र गोली हानेर हत्या गर्ने जस्ता घटनाले नेपालका लागि खुला सीमा थप चुनौती बन्दै गएको छ। बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले सो घटनाबारे आज सार्वजनिक बिदा भएकोले सोमवार पत्रकार सम्मेलन गरेर सार्वजनिक गर्ने जनाएका छन् ।

## ५० लाख फिरौती...........

माग गरेपछि नीरज अपहरणमा परेको खुलाशा भएको थियो ।

त्यसपछि नीरजका बुबा श्रीमान् पासवानले आफनो छोरा अपहरणमा परेको र अपहरणकारीले ५० लाख फिरौती मागेको जानकारी प्रहरीकोमा गराएका थिए । प्रहरीले नीरजको खोजतलाशका क्रममा अपहरणमा संलग्न रहेको आशंकामा एक हप्ता पहिले दुइ जना स्थानीयलाई नियन्त्रणमा लिएको थियो । तीनै दुवै जनाले दिएको बयानका क्रममा आइतबार प्रहरीले विद्यालयको शौचालयको सेप्टी ट्यांकी भित्रबाट नीरजको शव बरामद गरेको हो ।

प्रहरी हिरासतमा रहेका दुइ व्याक्तिको परिचय प्रहरीले नखुलाएपनि उनिहरु मध्ये पटेल थरका एक व्याक्ति र गुरुकुल पन्ना बोर्डिंग स्कुलका एक जना शिक्षक रहेको श्रोतले जनाएको छ । उनिहरुले नै फिरौतीका लागि नीरजको अपहरण गरेर हत्या गरि शव , सेप्टी ट्यांकीमा लुकाएर राखेको बताइएको छ ।

आइतबार अपरान्ह साढे ३ बजे प्रहरीको टोलीले विद्यालयको सेप्टी ट्यांकीमा उत्खनन् शुरु गरेको र साँझ ५.३० बजे नीरजको शव, घाँटी र खुट्टा डोरीले बाँधेर फालिएको अवस्थामा सेप्टी ट्यांकी भित्र भेटिएको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरिक्षक दिपक गिरिले जानकारी दिए ।नीरजको हत्या गरि शव , सेप्टी ट्यांकी भित्र हालेर माथि माटो र बालुवाले पुरिएको अवस्थामा भेटिएको गिरिले बताए ।

प्रहरी नायब उपरिक्षक गिरिले घटनाामा संलग्न रहेको आशंकामा केहि व्याक्तिलाई नियन्त्रणमा लिएको र शंकास्पद अन्यको पनि प्रहरीले खोजी गरिरहेको बताए। उनले भने,... अपहरणकारीले ५० लाख फिरौती मागेर अभिभावकलाई फोन गरेका रहेछन् , त्यहि नपाएर हत्या गरेको हुन सक्छ , हामीले यस बारेमा अनुसन्धान गरिरहेका छौं।

## महोत्तरीमा ...............

ज्यान गएको थियो । सलामले अन्सारीलाई घरमै काम गर्नका लागि बोलाएको र महिनाको १५ हजार रुपैयाँ पारिश्रमिक दिने सहमति भएको थियो । प्रहरीले उनीमाथि ज्यान मार्ने उद्योग मुद्दा दर्ता गरेर कारबाही प्रक्रिया अगाडि बढाएको छ ।–न्युज कारखाना

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

# प्रचण्ड प्रधानमन्त्रीमा नियुक्त, शपथ ग्रहण भोलि



काठमाण्डौं, १० पुस ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्रीमा नियुक्त भएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले आइतबार साँझ पुष्पकमल दाहाललाई प्रधानमन्त्रीमा नियुक्त गरेकी हुन् । आइतबार प्रचण्डले आफ्नो दल नेकपा माओवादीसँगै नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी र राष्ट्रिय उन्मुक्ति पार्टीको समर्थनसहित प्रधानमन्त्रीमा दाबी पेश गरेका थिए ।

स्वतन्त्र सांसदहरु प्रभु साह, किरणकुमार साह र अमरेशकुमार सिंहले पनि उनलाई समर्थन गरेपछि २७५ सदस्यीय प्रतिनिधिसभामा प्रचण्डले १६९ सांसदको समर्थन पाएका छन् । प्रतिनिधसभामा निर्वाचनमा कुनै पनि एक दलको बहुमत नआएकाले राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ (२) अनुसार मिलीजुली सरकार बनाउन आइतबार बेलुकी ५ बजेसम्मको समय दिएकी थिइन् । राष्ट्रपतिले दिएको समयभित्र प्रचण्डले १६९ सांसदको समर्थनसहित प्रधानमन्त्रीमा दाबी पेश गरेका हुन् । अब प्रचण्डले प्रधानमन्त्रीका रुपमा सोमबार दिउँसो ४ बजे शपथ ग्रहण गर्ने राष्ट्रपति कार्यालयका सञ्चार विज्ञ टीका ढकालले जानकारी दिए । (साभार–अनलाइनखबर)

# भारतीय नागरिक शिवपूजनको हत्या आरोपमा १ जना पक्राउ

बीरगंज, १० पुस ।

भारतीय नागरिक शिवपुजन प्रसाद यादवको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । बाराको महागढीमाई नगरपालिका–२ निवासी प्रमोद रामलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । प्रमोदलाई प्रहरीले जिल्ला प्रहरी कार्यालय बाराको हिरासतमा राखेर थप अनुसन्धान गरिरहेको छ । बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले मुख्य अभियुक्तलाई पक्राउ परिसकेको स्वीकार गरे । उनले आइतबार क्रिसमसको विदा परेकोले सोमबार पत्रकार सम्मेलन गरेर विस्तृत जानकारी गराउने बताएका छन् ।



'सुरुमा दुई जना आफन्तलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएका थियौं । उनीहरुको संलग्नता नदेखिएपछि छोड्यौं', उनले भने 'यसपटक मुख्य अभियुक्त नै पक्राउ परेका छन् । उनलाई भोलि पत्रकार सम्मेलन मार्फत सार्वजनिक गर्छौं ।' ७ पुस साँझ कलैया बारियारपुर सडकखण्ड अर्न्तगत बाराको महागढीमाई नगरपालिका– २ स्थित भुतही पुल नजिकै चिया नास्ता पसलबाट निस्कदै गरेका शिवपुजनको गोली हानी हत्या भएको थियो । उनी भारतीय प्रहरीको मोष्ट वान्टेड सूचीमा रहेको व्यक्ति भएको बारा प्रहरीले जनाएको थियो । (साभार–रातोपाटी)

# भारतले नारायणी नदीमा प्रोटेक्सन बाँध बनाउँदै

नवलपुर, १० पुस ।

भारत सरकारले नारायणी नदीमा करिब ५० करोडको लागतमा ठुलो प्रोटेक्शन बाँध निर्माण गरिरहेको छ । नारायणी नदी (गण्डक नदी) को सौन्दर्यता र त्रिवेणीधाम देखि गण्डक ब्यारेजसम्मको सडकबाँध संरक्षणका लागि मेका फेरि कन्सेप्टमा रिफलेक्शन बाँध निर्माण गरिरहेको हो ।

गण्डकी प्रदेशको मुल नाका पुर्वी नवलपरासीको बिनयी त्रिवेणी गाउँपालिका वडा ६ त्रिवेणी धाम देखि वडा ७ गण्डक ब्यारेज पुलसम्म नदीको पश्चिम साईड नेपाल तर्फ २६ सय मिटर दुरीको उक्त बाँध निर्माण कार्य भैरहेको छ । भारतको विहार प्रदेश सरकारले नदीको सौन्दर्यता र बाँधको संरक्षणका लागि भारत तर्फ बनाएको बाँध जस्तै नेपाल तर्फपनि उस्तै बाँधको निर्माण कार्य गरिरहेको प्रोजेक्ट म्यानेजर बिनय प्रताप सिंहले बताए । यस बाँधले नदीको छेउमा भइरहेको कटान रोकिने र बाँध थप बलियो हुने छ ।



प्रोजेक्ट म्यानेजर सिंहका अनुसार विहार सरकारले गण्डक रिभर ब्युटिफिकेशन एण्ड प्रोटेक्शन परियोजना मार्फत त्रिवेणी धामदेखि नदीमा फिट गरिएको नेपाली रेगुलेटरसम्म २६०० मिटर दुरीको बाँध बनाउने कार्यमा तीब्रता दिएको छ । विगत ४ वर्षदेखि शुरु गरिएको यस कार्यको ८० प्रतिशत काम सम्पन्न भई सकेको र २० प्रतिशत मात्र काम बाँकी रहेको सिंहले जानकारी दिए । म्यानेजर सिंहले भने, नेपाल भारतको गण्डक सम्झौता अनुसार नारायणी नदीको पश्चिम साइडमा नदीको ब्युटिफिकेशन र बाँधको संरक्षणका लागि उक्त बाँध बनाइरहेको छ । यो प्रोजेक्ट सन २०१९ मार्च महिनादेखि शुरु भएको र यो २०२३ जुन महिनामा सम्पन्न हुने यसको म्याद निर्धारण गरिएको छ । त्रिवेणी धाम देखि गण्डक ब्यारेजसम्म यो बाँध निर्माण हुने छ जसमध्ये हाल २६ सय मिटरको काम भएको र आगामी दिनमा थप बजेट बिनियोजन भई बाँकी कामहरु पुरा हुने भारतीय पक्षले जनाएको छ । यस कार्यले नेपाली बाँध थप बलियो हुने र यसको सौन्दर्यता पनि बढने विश्वास व्यक्त गरिएको छ ।

उक्त नदी गण्डक ब्यारेजदेखि तल गण्डक नदीको रुपमा परिणत भएको छ । उक्त नदी नै सुस्ता भुमीलाई घेर्दै भातरको विहार र उत्तर प्रदेश छुदै पटना पुगेको छ । नारायणी नदीमा नारायणी, तमसा र सोनभद्रा गरी तीन नदी मिलेर त्यस ठाउँको नाम त्रिवेणी भनिएको छ । गण्डक ब्यारेज देखि उत्तर तर्फको नारायणी नदीलाई स्थानिय नाम त्रिवेणी नदीले पनि चिनिने गरिन्छ । (साभार–रातोपाटी)

# हेटौंडा बजारमा चक्कु हान्नेहरू अझै पक्राउ परेनन्

मकवानपुर, १० पुस ।

मकवानपुरको हेटौंडा बजारमा मंसिर २६ मा स्थानीय व्यवसायी दानिल न्यौपानेमाथि चक्कु प्रहार भयो । चक्कु हान्नेहरूको पहिचान भए पनि प्रहरीले अझैसम्म उनीहरुलाई पक्राउ गर्न सकेको छैन । हेटौंडा महानगरपालिका–२ स्थित बागमती प्रदेश सरकारको अर्थ मन्त्रालय अगाडि न्यौपानेलाई हेटौँडाका हेमन्त थापा मगर, असिम बतौला, सुवर्ण लामा र रामकुमार रायमाझी (हारा)ले चक्कु हानेका थिए । चक्कु प्रहारबाट न्यौपानेको शरीरको ७ ठाउँमा चोट लागेको छ । अहिले उनको उपचार भइरहेको छ । चक्कु हान्नेहरु भागेको र उनको खोजी भइरहेको मकवानपुरका एसपी वामदेव गौतमले रातोपाटीलाई बताए । उनले भने–'आरोपीहरुको खोजी गर्न टिम परिचालन गरिएको छ, पक्राउ परेका छैनन् ।' न्यौपानेका परिवारले मंसिर २७ मा जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योग विरुद्धको कसुरमा जाहेरी दिएका थिए । प्रहरीले जाहेरी दर्ता गरे पनि अरोपीहरुलाई पक्राउ गर्न आनाकानी गरेको पीडित परिवारको गुनासो छ । (साभार–रातोपाटी)

## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा